मिति : २०८१ असोज २१

**धान बालीको ब्याक्टेरियल बाला डढुवा रोग सम्बन्धी कृषि विकास निर्देशनालय, कोशी प्रदेश विराटनगरको जानकारीमुलक सन्देश**

हाल कोशी प्रदेशका विभिन्न स्थानगरुमा धान बालीमा ब्याक्टेरियल बाला ढढुवा रोगको प्रकोप फैलिरहेको र यो रोगले धान बालीमा करिब ७०% सम्म क्षति पुर्याउन सक्ने भएकोले सम्पुर्ण कृषक महानुभावहरुमा यो जानकारी मुलक सन्देश प्रसारण गरिएको छ।

यो रोग २५ देखी ३० डिग्री सेल्सियस तापक्रम र ८०% भन्दा बढीको सापेक्षिक आद्रतामा चाडैं फैलन्छ। लगातारको वर्षा र हावाहुरी, पहिले नै रोग देखिएको बालीको अवशेष, संक्रमित माटो, संक्रमित झारपातहरु र संक्रमित बीउ र पानीको बहावबाट यो रोग एक ठाउँबाट अर्को ठाउँमा सर्ने गर्दछ।

रोगका लक्षणहरु:

१) संक्रमित भएपश्चात धानको बालाका दानाहरुमा एक तिहाई देखी आधा भागसम्म खैरो तथा कालो दब्बाहरु देखिन थाल्दछ।
२) धानको बालासँग जोडिएको पातको फेदमा कालो कुहिएको जस्तो रङ्ग देखा पर्दछ।
३) संक्रमित दानाहरु बालाको सबैतिर छरिएर रहेका हुन्छन।
४) दानाहरु फोस्के वा सुकेको हुन्छन।
५) संक्रमित बालाहरु भुईंतिर नझुकी सिँधा ठाडो रहन्छन।

व्यवस्थापनका उपायहरु:

१) सुरुवातमा नै स्वस्थ्य बीउको प्रयोग गर्ने।
२) बढी पानी भएको ठाउँमा रोगका संक्राणुहरु बढी क्रियाशिल हुने भएकोले हिले ब्याडको सट्टा धुले ब्याड राख्ने।
३) धानको बोटलाई सकभर घाउ वा चोटपटकबाट बचाउने।
४) अघिल्लो बालीको ठुटा, पराल तथा अन्य झारपातहरु जलाउने।
५) माटो परिक्षणको नजिताको आधारमा रासायनिक मलको सन्तुलित मात्रा प्रयोग गर्ने, पोटास मलको प्रयोगलाई विशेष जोड दिने।
६) खेतमा नियमित रुपमा पानी नजमाउने, समयसमयमा पानी कटाई राख्ने।
७) रोगको संक्रमण भए पश्चात स्ट्रेप्टोमाईसिन सल्फेट र टेट्रासाईक्लिन हाईड्रोक्लोराईड १.५ ग्राम १ लिटर पानीमा मिसाई बाला भिज्ने गरी छर्कने।
८) कपर अक्सिक्लोराईड २ ग्राम १ लिटर पानीमा मिसाई छर्कने।
९) कोनिका अर्थात (कपर अक्सिक्लोराईड ४०% र कासुगामाईसिन ५%) को मिश्रण २ ग्राम १ लिटर पानीमा मिसाई छर्कने।

**नोट: धानको बाला निस्की फूल फुलेको समयमा र बाला छिप्पिसकेपछी विषादी प्रयोग गर्नु उचित हुदैंन।**

थप जानकारीको लागि आ-आफ्नो स्थानीय तहको कृषि विकास शाखा, कृषि ज्ञान केन्द्र वा बाली संरक्षण प्रयोगशाला, झुम्का सुनसरीको सम्पर्क नं ९८५२०२९५५९/९८४२३००७९१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

कृषि विकास निर्देशनालय, कोशी प्रदेश विराटनगर

अधिकृतस्तर आलो

CamScanner